# पाँचपोखरी थाङ्गपाल गाउँपालिकाको बैठक, भ्रमण खर्च तथा अन्य सुविधा सम्बन्धी निर्देशिका, २०७४

गाउँपालिकामा बस्ने बैठकहरु, कर्मचारी र पदाधिकारीहरुबाट हुने भ्रमणको खर्चलाई सुव्यवस्थित बनाउन गाउँकार्यपालिकाबाट स्वीकृत गरी यो निर्देशका लागू गरिएको छ ।

## १. गाउँ सभामा बैठक भत्ता सम्बन्धी व्यवस्था :

क) गाउँ सभामा उपस्थित पदाधिकारीहरुले प्रत्येक गाँउ सभा बैठकमा प्रति बैठक रु. १५००।-(एक हजार पाँच सय मात्र) का दरले बैठक भत्ता पाउने छन् । जसमा नियमानुसार कर कट्टी गरिनेछ । यसमा गाँउ सभाको सचिवको भूमिका निर्वाह गर्ने कर्मचारी समेत सदस्यका रुपमा समावेश हुनेछन् ।

ख) गाउँ सभा सदस्य बाहेकका गाउँ सभा बैठक संचालनमा सहयोग पुऱ्याउने कर्मचारीले समेत एक हजार पाँच सयका दरले नियमानुसार कर कट्टि गरी भत्ता प्राप्त गर्नेछन् । सुरक्षाकर्मीको व्यवस्था गरिएको भए सुरक्षाकर्मीले दैनिक १०००।- को दरले खाजा खर्च बापतको रकम पाउने छन् ।

## २. गाउँकार्यपालिका बैठक भत्ता

क) गाउँकार्यपालिकाको उपस्थित पदाधिकारीहरुले प्रत्येक बैठकमा प्रत्येकले रु.१५००।- (एक हजार पाँच सय मात्र) का दरले बैठक भत्ता पाउने छन् । जसमा नियमानुसार कर कट्टी गरिनेछ । यसमा गाउँकार्यपालिकाको सचिव तथा, आमन्त्रित आवश्यक कर्मचारीहरु समेत सदस्यका रुपमा समावेश हुनेछन ।

## ३. वडा समितिको बैठक भत्ता

क) वडा समितिको बैठकमा उपस्थित पदाधिकारीहरुले प्रत्येक बैठकमा प्रत्येकले रु.१५००(एक हजार पाँच सय) का दरले बैठक भत्ता पाउने छन् । जसमा नियमानुसार कर कट्टी गरिनेछ । बैठकमा सचिव को कार्य गर्ने वडा सचिव समेत सदस्यका रुपमा समावेश हुनेछन् ।

ख) वडा समितिका सदस्य बाहेक बैठक संचालनमा सहयोग पुऱ्याउने वडाका कर्मचारीले, एक हजार पाँच सयका दरले नियमानुसार कर कट्टी गरी भत्ता प्राप्त गर्ने छन् ।

ग) महिनामा तीन पटक सम्मका लागि वडा समितिको बैठकका लागि भत्ताको व्यवस्था हुनेछ ।

## ४. विषयगत समितिहरुको बैठक भत्ता

क) विषयगत समितिको बैठकमा उपस्थित पदाधिकारीहरुले प्रत्येक बैठकमा प्रत्येकले रु.१५००(एक हजार पाँच सय)का दरले बैठक भत्ता पाउने छन् । जसमा नियमानुसार कर कट्टी गरिनेछ । यसमा बैठकको सचिवको कार्य गरेका कर्मचारी समेत सदस्यका रुपमा समावेश हुनेछन् ।

ख) विषयगत समितिका सदस्य बाहेक बैठक संचालनमा सहयोग पुऱ्याउने कर्मचारीले समेत एक हजार पाँच सयका दरले नियमानुसार कर कट्टि गरी भत्ता प्राप्त गर्नेछन् ।

## ५. बजेट निर्माण सम्बन्धी समितिहरुको बैठक भत्ता

क) बजेट निर्माण सम्बन्धी समितिको बैठकमा उपस्थित सदस्यहरुले प्रत्येक बैठकमा प्रत्येकले रु.१५००(एक हजार पाँच सय)का दरले बैठक भत्ता पाउने छन् । जसमा नियमानुसार कर कट्टी गरिनेछ

(ख) बजेट समिति सदस्य बाहेकका बैठक संचालनमा सहयोग पुऱ्याउने कर्मचारीले समेत एक हजार पाँच सयका दरले नियमानुसार कर कट्टी गरी भत्ता प्राप्त गर्नेछन् ।

ग) बजेट निर्माणमा संलग्न कर्मचारीहरुलाई प्रोत्साहन भत्ता स्वरुप १ महिनाको तलव स्केल बराबर उपलब्ध गराइनेछ ।

## ६. गाउँ सभा अन्तरगतका समितिहरुको बैठक भत्ता

क) गाउँ सभा अन्तरगतका समितिहरुको बैठकमा उपस्थित सदस्यहरुले प्रत्येक बैठकमा प्रत्येकले रु.१५००(एक हजार पाँच सय)का दरले बैठक भत्ता पाउने छन् । जसमा नियमानुसार कर कट्टी गरिनेछ ।

ख) सदस्यहरु बाहेकका बैठक संचालनमा सहयोग पुऱ्याउने ४ जना सम्म कर्मचारीले समेत एक हजार पाँच सयका दरले नियमानुसार कर कट्टी गरी भत्ता प्राप्त गर्नेछन् ।

## ७. कार्यालयका अन्य बैठक भत्ता :

क) गाँउपालिकाद्धारा गरिने अन्य कार्यालयका नियमित पुनर्निर्माण सम्बन्धि वैठक गाँउशिक्षा समितिको बैठक लगायतका अन्य विविध बिषयगत बैठकहरुमा उपस्थित पदाधिकारी तथा कर्मचारीहरुलाई प्रत्येक बैठकमा प्रत्येकले रु.१५००(एक हजार पाँचसय) का दरले बैठक भत्ता पाउने छन् । जसमा नियमानुसार कर कट्टी गरिनेछ ।

## ८. भ्रमणखर्च सम्बन्धी व्यवस्था

क) प्रदेश सभाले नतोके सम्मका लागि गाउँपालिकाको कामकाजमा भ्रमण प्रयोजनका निमित्त गाउँपालिका अध्यक्षले भ्रमणखर्च नियमावली २०६४ बमोजिम राप द्वितीय तहको र उपाध्यक्षले राप तृतिय तहले प्राप्त गर्ने भत्ता पाउनेछन् । त्यस्तै वडाध्यक्ष र वडा सदस्यहरुले प्रदेश सभाले तोके बमोजिम हुनेछ ।

ख) भ्रमणमा भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण खर्च उपलब्ध हुनेछ । गोष्ठी, सेमिनार, तालिम आदिमा आयोजक संस्थाले भ्रमण खर्च व्यहोर्ने भनी उल्लेख भई आएमा गाउँपालिकाबाट भ्रमणखर्च भूक्तानी हुने छैन ।

ग) उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष र वडा सदस्यको काज अध्यक्षबाट स्वीकृत हुनेछ ।

घ) गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको काज स्वीकृत प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ ।

ङ) कर्मचारीहरुले तोकिएको कामकाजको सिलसिलमा जिल्ला बाहिर गरिएका भ्रमणहरुको भ्रमण खर्च , भ्रमण खर्च नियमावली, २०६४ बमोजिम उपलब्ध गराईने छ ।

## ९. आयोजना अनुगमन सम्बन्धमा

गाउँपालिकाबाट संचालित आयोजना अनुगमन गर्दा पदाधिकारी तथा कर्मचारीले आयोजना व्यवस्थापन खर्च(कन्टीजेन्सी) वा अनुगमन तथा मूल्याङ्कन खर्चबाट अनुगमन मूल्यांकन भत्ता पाउनेछन् ।

## १०. बैठकमा चियाखाजा खर्च सम्बन्धमा

माथि उल्लेख गरिएको बैठकहरुमा सहभागी सदस्य तथा तोकिएको संख्याका सहयोगी कर्मचारीलाई प्रति बैठक रु १५०।- ले नबढ्ने गरी चिया र खाजाको व्यवस्था गर्नुपर्नेछ । उक्त रकम नगद वितरण गरिने छैन ।

## ११. कर्मचारी प्रोत्साहन भत्ता :

गाउँपालिका भित्र रहेका शाखाहरु (प्रशासन, आर्थिक प्रशासन, योजना, भण्डारण, प्राविधिक, सामाजिक विकास) मा कार्यरत कर्मचारीहरु र वडा सचिवहरुलाई मासिक खाईपाई आएको ( तलब+ग्रेड) को ३० प्रतिशत प्रोत्साहन भत्ता प्रदान गरिने छ ।

## १२. अतिरिक्त समय कार्य सुविधा :

गाउँपालिका कार्यालय भित्र रहेका शाखाहरुमा कार्यरत कर्मचारीहरुलाई कर्मचारी दरबन्दी पूर्ण नभई थप काम गर्नुपर्ने अवस्थामा अतिरिक्त समय बसी काम गरेबापतको दैनिक रु. ५००।- का दरले चिया,खाजा बापत रकम प्रदान गरिने छ। अन्य कर्मचारीहरुको हकमा कामको प्रकृति र आवश्यकता हेरी निर्णय लिन सकिने छ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत